# समाचारपत्र–नोभेम्बर २०२३

## नेपालमा भारतका झलकहरु

नेपाल-भारत सहयोग
NEPAL-INDIA COOPERATION

### उच्च प्रभाव सामुदायिक विकास परियोजना २० औं वर्षमा प्रवेश



भारत सरकारको अनुदान सहयोग नेरु.४.४ करोड लागतमा त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा निर्माण गरिएको मंगलादेवी बर्थिङ सेन्टर नेपाल सरकारका माननीय अर्थमन्त्री डा. प्रकाशशरण महत, माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्रीमती अनिता देवी तथा नेपालका लागि भारतीय राजदूत श्री नवीन श्रीवास्तवले मिति २०८० कार्तिक २१ गते त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालका प्रतिनिधिहरुलाई हस्तान्तरण गर्नुभयो । यो बर्थिङ सेन्टर नर्सद्वारा रेखदेख गरिनेछ । नेपालका अन्य क्षेत्रमा कार्यान्वयनका लागि यो बर्थिङ सेन्टर  नमुना बर्थिङ सेन्टरको रुपमा काम गर्नेछ र यसले नेपालको मातृ मृत्युदर घटाउन मद्दत गर्नेछ । सोही अवसरमा भारतीय अनुदान सहयोग अन्तर्गत नेपालका बैतडी र मुस्ताङ्ग जिल्लामा कूल अनुमानित लागत नेरु.१३ करोड लाग्ने थप तीनवटा उच्च प्रभाव सामुदायिक विकास परियोजनाको निर्माणका लागि सम्झौतापत्रमा हस्ताक्षर गरियो ।

थप जानकारी...

November 2023 © Embassy of India, Kathmandu.

# नेपाल सरकारलाई भूकम्प राहत सामग्री हस्तान्तरण




मिति २०८० कार्तिक १७ गते जाजरकोटमा गएको भूकम्पपछि नेपाललाई हरसम्भव सहयोग उपलब्ध गराउने माननीय प्रधानमन्त्री श्री नरेन्द्र मोदीको प्रतिबद्धता अनुरुप मिति २०८० कार्तिक १९ गते भारु. १० करोड बराबरको आपतकालीन राहत सामग्रीको पहिलो खेप नेपालगञ्ज आइपग्यो । नेपालका लागि भारतीय राजदूत श्री नवीन श्रीवास्तवले यी राहत सामग्री नेपालका माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री श्री पूर्ण बहादुर खड्कालाई हस्तान्तरण गर्नुभयो । दूतावासका नियोग उप-प्रमुख श्री प्रसन्न श्रीवास्तवले मिति २०८० कार्तिक २० गते दोस्रो चरणको राहत सामग्री हस्तान्तरण गर्नुभयो । तेस्रो चरणको १२ टनभन्दा बढी भूकम्प राहत साम्रगी मिति २०८० कार्तिक २३ गते नेपाल आइपुग्यो । भारतीय महिला संघले पनि भूकम्प पीडितका लागि नेपाल चिकित्सक संघलाई अत्यावश्यक सामग्री र राहत सामग्री हस्तान्तरण गर्यो । चौथो चरणको भूकम्प राहत सामग्री मिति २०८० मंसीर ४ गते नेपाल आइपुग्यो । अत्यावश्यक औषधी र उपकरण समावेश सो राहत सामग्री नेपाल सरकारलाई हस्तान्तरण गरियो ।

थप जानकारी...

# रुपन्देहीमा विद्यालय भवनको उद्घाटन र हस्तान्तरण







'नेपाल–भारत विकास सहकार्य' अन्तर्गत भारत सरकारको आर्थिक सहयोग नेरु. १.२५ करोड लागतमा रुपन्देहीको रोहिणी गाउँपालिका–२ स्थित श्री पोखरभिण्डी माध्यमिक विद्यालयको नवनिर्मित विद्यालय भवनको मिति २०८० मंसीर ९ गते एक कार्यक्रमबीच भारतीय राजदूतावासका कार्यवाहक राजदूत श्री प्रसन्न श्रीवास्तवको उपस्थितिमा नेपालका सम्माननीय उपराष्ट्रपति श्री रामसहाय यादवले औपचारिक उद्घाटन गर्नुभयो । यो विद्यालय नेपालका विभिन्न क्षेत्रमा अघि बढाइएका ५५० वटा भन्दा बढी उच्च प्रभाव सामुदायिक विकास परियोजनामध्ये एक हो ।

भारतीय राजदूतावास
काठमांडू, नेपाल
Embassy of India
Kathmandu, Nepal

भारत 2023 INDIA

# कपिलवस्तु जिल्लामा विद्यालय तथा प्रयोगशाला भवनको उद्घाटन








'नेपाल–भारत विकास सहकार्य' अन्तर्गत भारत सरकारको नेरु ३.३२३ करोड आर्थिक सहयोगमा कपिलवस्तु जिल्लाको बुद्धभूमि नगरपालिकास्थित श्री गौतम बुद्ध माध्यमिक विद्यालयको नवनिर्मित विद्यालय तथा प्रयोगशाला भवनको मिति २०८० मंसीर ९ गते भारतीय राजदूतावास, काठमाडौंका नियोग उप–प्रमुख श्री प्रसन्न श्रीवास्तव, जिल्ला समन्वय समिति, कपिलवस्तुका प्रमुख श्री बाबुराम आचार्य र बुद्धभूमि नगरपालिकाका मेयर श्री केशव कुमार श्रेष्ठले औपचारिक उद्घाटन गर्नुभयो । यो परियोजना नेपालका शैक्षिक साथै अन्य धेरै क्षेत्रमा संचालित ५५० वटा भन्दा बढी उच्च प्रभाव सामुदायिक विकास परियोजनामध्ये एक हो ।

# लेफ्टिनेन्ट जनरल सी बंसी पोनप्पा, पिभिएसएम, एभिएसएम,भिएसएम,एड्जुटेन्ट जनरल, को नेपाल भ्रमण








लेफ्टिनेन्ट जनरल सी बंसी पोनप्पा, पिभिएसएम, एभिएसएम,भिएसएम,एड्जुटेन्ट जनरल, ले मिति २०८० कार्तिक १३ गतेदेखि कार्तिक १९ गतेसम्म नेपालको औपचारिक भ्रमण गर्नुभयो । लेफ्टिनेन्ट जनरल सी बंसी पोनप्पाले नेपाली सेनाका बलाध्यक्ष रथी सीताराम खड्कासँग नेपाली सेनाको मुख्यालयमा शिष्टाचार भेटवार्ता गर्नुभयो । लेफ्टिनेन्ट जनरल सी बंसी पोनप्पाले मिति २०८० कार्तिक १७ गते एक कार्यक्रमबीच पेन्सन भुक्तानी कार्यालय, पोखरास्थित वार मेमोरियल (शहीद स्मारक) मा माल्यार्पण गरी श्रद्धाञ्जली अर्पण गर्नुभयो । वहाँले नेपालमा बसोबास गरिरहेका भूतपूर्व गोर्खा सैनिक ¥यालीलाई सम्बोधन गर्नुका साथै कार्यक्रममा उपस्थित वीरता पुरस्कार पाएका भारतीय गोर्खा सैनिक र वीर नारीलाई सम्मान गर्नुभयो । वहाँले गोर्खा सैनिकको वीरताको प्रशंसा गर्दै गोर्खा सैनिकले देखाएको साहस र राष्ट्रप्रतिको समर्पित भावलाई सलाम गर्नुभयो ।

थप जानकारी...

November 2023 © Embassy of India, Kathmandu.

भारतीय राजदूतावास
काठमांडू, नेपाल
Embassy of India
Kathmandu, Nepal

# आठौं आयुर्वेद दिवसको अवसरमा कार्यक्रम










भारतीय दूतावास, काठमाडौंले आठौं आयुर्वेद दिवसको उत्सवको एक हिस्साको रुपमा परम्परागत चिकित्सा विशेष गरी आयुर्वेदको क्षेत्रमा भारत र नेपालबीच थप सहकार्य सम्भावनाबारे मिति २०८० कार्तिक १६ गते एक छलफल कार्यक्रमको आयोजना गर्यो । कार्यक्रममा नेपाल सरकार, नेपाल आयुर्वेद चिकित्सक संघ, नेपाल चेम्बर अफ कमर्स र नेपाल आयुष उद्योगका प्रतिनिधिहरुको उपस्थिति थियो । कार्यक्रमलाई सम्बोधन गर्दै दूतावासका नियोग उप–प्रमुख प्रसन्न श्रीवास्तवले आयुर्वेद लगायत परम्परागत चिकित्सा क्षेत्रमा भारत र नेपालबीच रहेको सहकार्यबारे चर्चा गर्नुभयो । साथै वहाँले ज्ञान, विशेषज्ञता तथा क्षमता अभिवृद्धिको आदानप्रदानमार्फत आयुर्वेदमा सहकार्य प्रवद्र्धन गर्न चालिएका विविध पहलबारे जानकारी गराउनुभयो ।

थप जानकारी...

# आइटेक भूतपूर्व विद्यार्थीका लागि प्रतिक्रिया एवम् अन्तरक्रिया कार्यक्रम








भारतीय दूतावास, काठमाडौंले नेपाल पुलिसका भारतीय प्राविधिक तथा आर्थिक सहकार्यका भूतपूर्व विद्यार्थीका लागि मिति २०८० मंसीर १ गते प्रतिक्रिया एवम् अन्तरक्रिया कार्यक्रमको आयोजना गर्यो । गुजरातको गान्धीनगरस्थित राष्ट्रिय रक्षा विश्वविद्यालयमा आइटेक कोर्षमा सहभागी नेपाल पुलिसका ४५ अधिकारी सो कार्यक्रममा उपस्थित थिए । भूतपूर्व विद्यार्थीहरुले प्रशिक्षणबाट प्राप्त भएका ज्ञान एवम् विचारहरु र भारतमा संगालेका आफ्ना अनुभवहरु एक अर्कासँग साटासाट गरे ।

# सशस्त्र प्रहरी बल, नेपालका अधिकारीसँग अन्तरक्रिया कार्यक्रम





भारतीय प्राविधिक तथा आर्थिक सहकार्य (आइटेक) अन्तर्गत भारत सरकार गृह मन्त्रालयको राष्ट्रिय सुरक्षा गार्डबाट प्रशिक्षण लिएका सशस्त्र प्रहरी बल, नेपालका अधिकारीहरुका लागि भारतीय दूतावास, काठमाडौंले मिति २०८० मंसीर ८ गते प्रतिक्रिया एवम् अन्तरक्रिया कार्यक्रमको आयोजना गर्यो । कार्यक्रममा सहभागीले आ–आफ्ना विचार एवम अनुभव साटासाट गरेका थिए ।

November 2023 © Embassy of India, Kathmandu.

# नेपाली पत्रकारको प्रतिनिधिमण्डलको भारत भ्रमण







भारत भ्रमणमा रहेका नेपाली पत्रकारको प्रतिनिधिमण्डलले मिति २०८० मंसीर १३ गते भारतीय विदेश मन्त्रालयका सहसचिव श्री अनुराग श्रीवास्तव, उद्योग संवर्धन तथा आन्तरिक व्यापार विभागकी विशेष सचिव श्रीमती सुमिता डावरा, जलशक्ति मन्त्रालय, जल संसाधन नदी विकास एवम् गंगा संरक्षण विभागका कार्यकारी निर्देशक (परियोजना) श्री नलिन श्रीवास्तवसँग भेट गर्यो । भेटका क्रममा नेपाल र भारतबीच कनेक्टिभिटी, विकास र ऊर्जा साझेदारी, स्वास्थ्य र शिक्षा सहहकार्य अभिवृद्धि गर्ने विषयमा छलफल भएको थियो ।

**November 2023 © Embassy of India, Kathmandu.**

# नेपालमा भारतीय नागरिकका लागि कोशी प्रदेशको विराटनगरमा कन्सुलर क्याम्प







नेपालमा रहेका भारतीय नागरिकको पञ्जीकरणका लागि भारतीय दूतावास, काठमाडौंले कोशी प्रदेशको विराटनगरमा दुई दिने (मिति २०८० मंसीर २–३) कन्सुलर क्याम्पको आयोजना गर्यो । क्याम्पमा विराटनगर र आसपासका क्षेत्रमा बसोबास गर्ने ठूलो संख्यामा रहेका भारतीय नागरिकलाई कन्सुलर सेवा प्रदान गरिएको थियो ।

November 2023 © Embassy of India, Kathmandu.

# केही छुटाउनुभयो कि !

## दोस्रो भ्वाइस अफ ग्लोबल साउथ समिट




भारतले मिति २०८० मंसीर १ गते भर्चुअल ढाँचामा दोस्रो भ्वाइस अफ ग्लोबल साउथ समिटको आयोजना गर्यो । भ्वाइस अफ ग्लोबल साउथको दोस्रो संस्करणको मुख्य ध्यान भारतको अध्यक्षतामा सम्पन्न विभिन्न जी–२० बैठकहरुले हासिल गरेका मुख्य उपलब्धिहरु ग्लोबल साउथका सदस्यहरुसँग साझा गर्नेमा केन्द्रित थियो । शिखर सम्मेलनमा बोल्दै प्रधानमन्त्री नरेन्द्र मोदीले ग्लोबल साउथ विश्वव्यापी मामिलामा ठूला जिम्मेवारी लिन तयार रहेको र स्वायत्तता चाहेको बताउनुभयो । कार्यक्रममा बोल्दै नेपालका प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले भारतले आयोजना गरेको पहिलो भ्वाइस अफ ग्लोबल साउथ समिटले विकासशील राष्ट्रहरुका सरोकारलाई जी–२० एजेण्डामा समावेश गर्न मद्दत गरेको बताउनु भयो ।

थप जानकारी...

# केही छुटाउनुभयो कि !

## भारतीय विदेशमन्त्रीको संयुक्त अधिराज्य (बेलायत) भ्रमण (मिति २०८० कार्तिक २५–कार्तिक २९)



भारतीय विदेशमन्त्री डा.एस. जयशंकरले मिति २०८० कार्तिक २५ गतेदेखि कार्तिक २९ गतेसम्म संयुक्त अधिराज्य (बेलायत) को औपचारिक भ्रमण गर्नुभयो । भारतीय विदेशमन्त्री डा.एस. जयशंकरले बेलायतका प्रधानमन्त्री महामहिम ऋषि सुनाकसँग शिष्टाचार भेटवार्ता गनुभयो साथै वहाँका नयाँ समकक्षी डेविड क्यामरुनसँग कुराकानी गर्नुभयो । प्रधानमन्त्रीसँगको भेटमा विदेशमन्त्रीले दीपावलीको शुभकामना दिनुका साथै प्रधानमन्त्री श्री नरेन्द्र मोदीको शुभकामना सन्देश सुनाउनुभयो । प्रधानमन्त्री सुनाक र विदेशमन्त्रीले समसामयिक चुनौतिहरुलाई सम्बोधन गर्ने महत्वपूर्ण कारकको रुपमा रहेको भारत–बेलायत सम्बन्ध सकारात्मक दिशातर्फ गइरहेकोमा सन्तोष व्यक्त गर्नुभयो ।

थप जानकारी...

November 2023 © Embassy of India, Kathmandu.

# केही छुटाउनुभयो कि !

## २२ लाख भन्दा बढी दियो बाली अयोध्या दीपोत्सव– २०२३ ले बनायो गिनिज वल्ड रेकर्ड



दीपावलीको पूर्वसन्ध्या मिति २०८० कार्तिक २५ गते उत्तर प्रदेशको टेम्पल टाउनका ५१ स्थानहरुमा २२.२३ लाख भन्दा बढी दियो बाली अयोध्या दीपोत्सव–२०२३ ले गिनिज वल्ड रेकर्ड बनायो । यूपी गभर्नर आनन्दीबेन पटेलको उपस्थितिमा यूपीका मुख्यमन्त्री योगी आदित्यनाथले नयाँ गिनिज वल्ड रेकर्ड सर्टिफिकेट ग्रहण गर्नुभयो ।


थप जानकारी...

November 2023 © Embassy of India, Kathmandu.

भारतीय राजदूतावास
काठमांडू, नेपाल
Embassy of India
Kathmandu, Nepal

# यहाँ जानुभएको छ ?

## भारतमा १० वटा नयाँ जनजातिय संग्रहालय




भारत सरकारले देशका जनजाति समुदायहरुको समृद्ध सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र प्रवद्र्धन हेतु भारतभर १० वटा जनजातिय संग्रहालयहरुलाई आधिकारिक अनुमति दिएको छ ।

थप जानकारी...